मिति २०७७/१०/८

# पोखरा महानगरपालिकाको मेयर प्रबिधि मैत्री कृषि परियोजना अन्तर्गत सुन्तला बगैचा ब्यबस्थापन सहयोग कार्यक्रम सम्बन्धि सूचना

पोखरा महानगरपालिका कृषि तथा पशु बिकास महाशाखाको आ.ब २०७७/७८ को स्वीकृत कार्यक्रम **मेयर प्रबिधि मैत्री कृषि परियोजना**, सुन्तला बगैचा ब्यबस्थापन अभियान निरन्तरता अन्तर्गत सुन्तला बृहद क्लस्टरमा परेको **पोखरा २१ क्रिस्ती, निर्मल पोखरी** तथा पोखरा २२ खाल्से क्षेत्रमा ब्यबसायिक सुन्तला उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि नियमित बगैचा ब्यबस्थापन (काटछाट, मलखाद प्रयोग, बोर्डो मिक्स्चर स्प्रे, फेदमा बोर्डो पेस्ट लेपन, सिचाई तथा छापो ब्यबस्थापन ) कार्यको लागि तपशिल अनुसार प्रति बोट बढीमा रु १०० का दरले सहयोग गर्ने कार्यक्रम रहेकोले मिति २०७७ फाल्गुन ८ गते भित्र उपर्युक्त काम सम्पन्न गरि फर्मेट अनुसारको विवरण सहित पोखरा महानगरपालिका कृषि महाशाखामा निबेदन दिनुहुन वा अनलाइन मार्फत apms.pokharakrishi.com मा रहेको सुन्तला बगैचा ब्यबस्थापन सहयोग कार्यक्रम फर्मेट भरि पेश गर्नुहुन अनुरोध गरिन्छ |

**तपशिल**

- यो कार्यक्रम कम्तिमा १ रोपनीमा खेति गरेको र ५ बर्ष भन्दा माथिको १० वटा भन्दा बढी फल दिने बिरुवाको लागि मात्र हुनेछ |
- प्रति बोट कम्तिमा ५० केजी मलखाद प्रयोग बापत रु ३०, बोटको १ मिटर उचाई सम्म बोर्डो पेस्ट लेपन गरेबापत रु ३०, बोटमा बोर्डो मिक्स्चर स्प्रे गरेबापत रु २० तथा छापो प्रयोग गरेबापत रु २० का दरले बढीमा प्रति बोट नगद रु १०० का दरले उपलब्ध गराइने छ |
- सम्बन्धित वार्ड कार्यालय, कृषि प्राबिधिक तथा कृषि संजाल को समन्वयमा स्थलगत अनुगमन गरिनेछ |

**आवश्यक कागजात**

- गत वर्ष आबेदन दिएकोले बगैचा धनीको नागरिकता, खेति गरेको जग्गाको लालपुर्जाको प्रतिलिपि नचाहिने ( अन्य को हकमा चाहिने )तर काम सम्पन्न भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्नुपर्नेछ |
- काम सम्पन्न गरेपछिको बगान देखिने गरि खिचेको फोटो।
- किसानको बर्गिकरण अनलाइन फर्मेट भरि दर्ता नम्बर लिनुपर्ने ( apms.pokharakrishi.com )।

**निवेदनको साथमा पेश गर्नुपर्ने बिबरण को फर्मेट**

| सीन | किसानको नाम | कृषक बर्गिकरण दर्ता नं | ठेगाना | सम्पर्क न | यस बर्ष उत्पादन भएको परिमाण केजी मा | यस बर्ष सुन्तला बिक्रि बाट भयको आम्दानि रु | ५ बर्ष माथिको बोट संख्या | मलखाद प्रयोग गरेका ५ बर्ष माथिका बिरुवा | बोर्डो पेस्ट लगाएको ५ बर्ष माथिका बिरुवा | बोर्डो मिक्स्चर स्प्रे गरेको ५ बर्ष माथिका बिरुवा | छापो प्रयोग गरेको ५ बर्ष माथिका बोट संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**नोट : रित नपुगेको निबेदन र झुटा बिबरण पेश गर्नेलाई कार्यक्रममा समाबेश गरिने छैन |**

कार्यक्रमको थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा कृषि महाशाखामा सम्पर्क गर्नुहुन अनुरोध छ |

मनोहर कडरिया
वरिष्ठ कृषि विकास अधिकृत